जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४१ • २०८३ साल आषाढ १६ गते मंगलबार (30 June, Tuesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-


## पूर्वउपप्रधानमन्त्री पौडेललाई थप तीन दिन थुनामा रहने

**टुडे समाचारदाता**

काठमाण्डु । विशेष अदालतले पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा थप तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले सोमबार पूर्वअर्थमन्त्री पौडेललाई थप तीन दिन थुनामा राखेर अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अनुमति दिएको हो।

विशेष अदालतले यसअघि नेकपा एमालेका उपाध्यक्षसमेत रहेका पूर्वउपप्रधान तथा अर्थमन्त्री पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा सात दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो। आदेशमा भनिएको छ, "सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेका आरोपी विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान प्रयोजनार्थ म्याद थपका लागि पेश भएकोमा सोमबार दोस्रो पटक तीन दिन म्याद थपिएको छ।"

पूर्वउपप्रधान तथा अर्थमन्त्री पौडेललाई यही असार ८ गते सुर्खेतबाट पक्राउ गरी काठमाण्डु ल्याएर सोमबार अदालत उपस्थित गराइएको छ। उनलाई अनुसन्धानका लागि न्यायिक हिरासतमा राखिएको बताइएको छ।

### मधेशको सीमानाकामा गुपचुप छड्के

# गृहमन्त्री गुरुङको गुपचुप अनुगमनपछि नेपाल-भारत सीमामा कडाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमासंग जोडिएको मधेश प्रदेशका आठवटै जिल्लामा सुरक्षा व्यवस्था उल्लेखनीय रूपमा कडा पारिएको छ। संघीय सरकारका गृहमन्त्री सुधन गुरुङले दुई दिनअघि बारा र पर्सा क्षेत्रको छड्के निरीक्षण गर्दै तस्करी नियन्त्रण र शान्ति-सुरक्षा मजबुत बनाउन सुरक्षा निकायलाई निर्देशन दिएपछि सीमा क्षेत्रमा प्रहरीको सक्रियता बढेको छ । यसले सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रण गर्ने सरकारको स्पष्ट सन्देश दिएको छ।



सीमावर्ती जिल्लामा तस्करी लामो समयदेखि चुनौतीका रूपमा रहँदै आएको छ। खुला सीमा, स्थानीय आवतजावत र सीमित निगरानीका कारण कपडा, खाद्यान्न, इलेक्ट्रोनिक सामग्रीदेखि अन्य विभिन्न वस्तुको अवैध ओसारपसार हुँदै आएको गुनासो रहँदै आएको थियो। गृहमन्त्रीको प्रत्यक्ष अनुगमनपछि प्रहरी प्रशासनले सुरक्षा संयन्त्रलाई थप सक्रिय बनाउँदै नियमित निगरानी, गस्ती र सूचना संकलनमा जोड दिएको देखिन्छ।

गृहमन्त्री गुरुङको सीमा नाका क्षेत्रको निरीक्षणपछि अहिले रौतहटसहित मधेश प्रदेशको आठ वटै जिल्लाको सुरक्षा व्यवस्था कडाइ गरिएको छ । यसबाट सीमा नाका क्षेत्रमा हुँदै आएको तस्करी नियन्त्रणसहित जिल्लाको सुरक्षा व्यवस्था सुनिश्चित गर्न प्रहरी थप सक्रिय भएको छ।

गृहमन्त्री गुरुङले बारा, पर्साको छड्के अनुगमन गरी तस्करी नियन्त्रण र शान्तिसुरक्षा कायम गर्न कडा निर्देशन दिएपछि पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा प्रहरीले आफ्नो प्रभावकारी सक्रियता, जिम्मेवार र व्यावसायिक ढंगबाट कार्यसम्पादन गरी जिल्लावासीको मन जित्न मातहतका 'युनिट'लाई निर्देशन दिएको छ।

रौतहट प्रहरीका प्रहरी उपरीक्षक सीताराम रिजालले बदलिँदो परिस्थितिलाई सूक्ष्मरुपमा विश्लेषण गरी जिल्लास्थित अन्य सुरक्षा निकायसँगको समन्वयमा सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउने उद्देश्यका साथ मातहतका प्रहरी 'युनिट' लाई स्पष्ट निर्देशन दिएसँगै सकारात्मक परिणाम आउन थालेको जानकारी दिए।

प्रहरी प्रमुखसमेत रहेका प्रहरी उपरीक्षक रिजालले भने, "सुरक्षाका दृष्टिले अति संवेदनशील र संवेदनशील क्षेत्रको पहिचान गरी सोही अनुसार हरेक पाँच किलोमिटरमा प्रहरी पोष्टको व्यवस्था गरिएको छ । जिल्ला प्रहरी कार्यालय गौरको 'कमाण्ड' मा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा चपुर र गरुडामा रहेका प्रहरी कार्यालयको निगरानीमा मातहतका १० वटा इलाका प्रहरी कार्यालयसहित जिल्लाभरका प्रहरी पोष्टमा तैनाथ करिब ९०० प्रहरीलाई थप सक्रिय बताइएसँगै सुरक्षा व्यवस्था चुस्तदुरुस्त भएको छ।"

त्यस्तै प्रहरी नायब उपरीक्षक एवं जिल्ला प्रहरी प्रवक्ता वसन्त गौतमले जनाए अनुसार मध्य तराईका बारा, पर्सा र सर्लाहीका सुरक्षा अधिकारीहरूसंग समेत आवश्यक समन्वय गरी रौतहटको सुरक्षा व्यवस्थामा कडाइ गरेपछि शान्ति सुव्यवस्थामा उल्लेखनीय सुधार भइ गुनासो आउने क्रम रोकिएको, अवैध कारोबारमा संलग्न जो कोहीलाई पक्रेर दण्डित गर्न थालेपछि 'तस्कर' हरूको भागाभाग भएको, राजस्व संकलनमा वृद्धि भएको र समग्रमा रौतहटको सुरक्षा व्यवस्था अपेक्षा गरिएभन्दा पनि सकारात्मक प्रभाव परेको देखिन्छ।

यस अभियानको प्रभाव रौतहटमा मात्र सीमित नभइ पर्सा, बारा, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीसम्म विस्तार भएको छ। आठवटै जिल्लाका सीमा नाकामा निगरानी बढाइएको छ भने सुरक्षा निकायबीचको समन्वयलाई पनि प्राथमिकता दिइएको छ। यसले मधेश प्रदेशभर एकीकृत सुरक्षा रणनीति लागू गरिएको देखाउँछ।

जिल्लास्थित सरमुजवा (बंकुल), मोतिपुर नरकटिया, रामपुरखात, जयनगर, मठिया, औरैया, बजरहा, अमरपट्टि, गौर भन्सार र बेलबिचवामा गरी १० वटा इलाका प्रहरी कार्यालयसहित मातहतका प्रहरी पोष्टमा खटिएका प्रहरी कर्मचारीले रौतहटमा भरपर्दो एवं विश्वसनीय सुरक्षा प्रदान गर्दै आएको जिल्ला प्रहरी कार्यालयले स्पष्ट पारेको छ।

यसैबीच रौतहटसंगै जोडिएको बाराको सिम्रौनगढस्थित इलाका प्रहरी कार्यालयले अपराध तथा तस्करी नियन्त्रणलाई अभियानका रुपमा टोली सञ्चालन गरी पछिल्लो आठ महिनमा करिब एक करोड १० लाख रुपैयाँ मूल्यको समान बरामद गरी पथलैया भन्सार कार्यालयलाई बुझाएको जनाएको छ।

सो कार्यालयका प्रहरी निरीक्षक कृष्णादेव साहका अनुसार यही शनिबार एकै दिन ३० लाख ९० हजार रुपैयाँ मूल्यको सामान बरामद गरिएको छ । भने सीमा नाका क्षेत्रबाट हुँदै आएको गैरकारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि रौतहट नजिकको कचौरवासहित अडुवा खोला, पचरौता, पिपरपाटी, घाटतोलालगायतका नाकाबाट हुने अवैध कारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि मातहतका प्रहरी टोलीलाई थप सक्रिय बनाइएको छ।

शनिबार बिहानै गृहमन्त्री गुरुङ पर्साका सीमा नाकाहरुमा गुपचुपमा पुगेका थिए । त्यहाँका स्थानीयहरुसंग गृहमन्त्री गुरुङले भलाकुसारीसमेत गरेका थिए । सीमा नाकाको अनुगमन गरे पनि बारा, पर्सालगायतका सुरक्षानिकाय तथा प्रमुख जिल्ला अधिकारीलाई भने कुनै पनि जानकारी गराएका थिएनन् ।

पर्सनल सेक्युरेटी अफिसर (पीएसओ)संग निजी गाडीमा उनी सीमा क्षेत्र घुम्दै स्थानीयसंग संवाद गर्दै हिंडेको सार्वजनिक फोटो तथा भिडियोमा देखिएको छ । त्यसपछि उनी सिमराबाट शनिबार साँझपख हवाईमार्ग हुँदै काठमाण्डु फर्किएका थिए।

### औपचारिकतामा सीमित धान दिवस

# मलखाधप्रति जनप्रतिनिधिदेखि मन्त्रीसम्मको बेवास्ता, ढुक्क छैनन् किसान



**टुडे समाचारदाता**

जनकपुरधाम। देशभर २२औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव सोमबार विभिन्न औपचारिक कार्यक्रमका साथ सम्पन्न भएको छ। स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा विभिन्न गैरसरकारी एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सांसद, जनप्रतिनिधि, कर्मचारी र विभिन्न राजनीतिक दलका नेताहरूको सहभागितामा धान रोपाइँ कार्यक्रम आयोजना गरेका छन् । सहभागीहरूले खेतमा धान रोप्दै दही-च्युरा, आँपलगायत परम्परागत परिकारको स्वाद लिँदै धान दिवस मनाएका छन् ।

यद्यपि उत्सवमय वातावरणका बीच किसानका मुख्य समस्या भने ओझेलमा परेका छन्। विशेषगरी धानबालीका लागि अत्यावश्यक रासायनिक मलको अभावबारे अधिकांश कार्यक्रममा गम्भीरताका साथ लिइएको देखिएन भने यसबारे छलफलसमेत गरिएन। किसानहरूले प्रत्येक वर्ष धान रोपाइँको समयमा मल अभावका कारण उत्पादनमा असर पर्ने समस्या दोहोरिँदै आएको गुनासो गर्दै आएका छन्।

धान नेपालको मुख्य खाद्यान्न बाली हो। धान रोपाइँको सुरुवाती चरणमै आवश्यक मात्रामा युरिया, डीएपी र पोटास उपलब्ध नभए उत्पादनमा प्रत्यक्ष असर पर्ने कृषि विज्ञहरू बताउँछन्। समयमै मल नपाउँदा धानको बोटको वृद्धि कमजोर हुने, उत्पादन घट्ने र खेतीको लागत बढ्ने समस्या किसानले भोग्दै आएका छन्।

विगतका वर्षहरूमा सरकारी वितरण प्रणाली प्रभावकारी हुन नसकेपछि नेपाल-भारततर्फको सीमावर्ती क्षेत्रका किसानहरूले भारतबाट अनौपचारिक रूपमा महँगो मूल्यमा मल ल्याएर खेती धानेका उदाहरण प्रशस्तै छन् । तर यस वर्ष भने यस्तो विकल्प पनि सहज देखिएको छैन। मध्यपूर्वमा अमेरिका-इजरायल र इरानबीच बढेको द्वन्द्वका कारण अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखला प्रभावित हुने देखिन्छ। सो द्वन्द्वका कारण ढुवानी लागत बढ्ने तथा रासायनिक मलको उपलब्धतामा असर पर्ने सम्भावना देखिएको छ। यसले नेपालमा मल आयातमा थप चुनौती सिर्जना गर्न सक्ने सरोकारवालाहरू बताउँछन्।

नेपालले प्रयोग गर्ने अधिकांश रासायनिक मल विदेशबाट आयात गर्नुपर्ने भएकाले अन्तरष्ट्रिय बजारमा हुने उतारचढावको प्रत्यक्ष प्रभाव नेपाली किसानमा पर्ने गरेको छ। समयमा खरिद प्रक्रिया पूरा हुन नसक्नु, आपूर्ति व्यवस्थापन कमजोर हुनु तथा वितरण प्रणाली प्रभावकारी नहुनुले समस्या झन् जटिल बन्दै गएको छ।

यस वर्ष मल अभावसँगै जलवायु परिवर्तन पनि धान खेतीका लागि अर्को ठूलो चुनौती बनेको छ। असार लाग्दासमेत कतिपय क्षेत्रमा पर्याप्त वर्षा हुन नसक्दा रोपाइँ ढिलो भएको छ भने केही स्थानमा छोटो अवधिमै अत्यधिक वर्षा हुँदा खेत डुबानमा परेका छन्। मौसमको अनियमितताले खेतीपातीको परम्परागत तालिका नै प्रभावित हुन थालेको किसानहरूको अनुभव छ।


जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, अनियमित मनसुन, खडेरी र बाढीको जोखिम बढ्दै जाँदा धान उत्पादनमा दीर्घकालीन असर पर्ने कृषि क्षेत्रका जानकारहरूको भनाइ छ। समयमै मल उपलब्ध नहुने र मौसम पनि अनिश्चित रहने अवस्थाले खाध सुरक्षा तथा किसानको आयमा समेत नकारात्मक प्रभाव पर्ने देखिएको छ।

कृषि क्षेत्रका सरोकारवालाले धान दिवसलाई केवल औपचारिक उत्सवमा सीमित नगरी किसानका वास्तविक समस्याको समाधानतर्फ केन्द्रित गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । उनीहरूका अनुसार मलको समयमै आपूर्ति, सिँचाइ पूर्वाधारको विस्तार, जलवायु अनुकूल कृषि प्रविधिको विकास, उन्नत तथा जलवायु सहनशील बीउको प्रयोग र प्रभावकारी कृषि नीतिबिना धान उत्पादन वृद्धि गर्ने लक्ष्य पूरा हुन कठिन रहेको देखिन्छ।

धान दिवसले कृषि क्षेत्रको महत्व स्मरण गराउने अवसर प्रदान गरे पनि किसानलाई आवश्यक पर्ने मल, बीउ, सिँचाइ र बजार व्यवस्थापनजस्ता आधारभूत विषय प्राथमिकतामा नपरेसम्म यस्ता कार्यक्रम औपचारिकतामै सीमित हुने किसानहरूको गुनासो छ। उनीहरू सरकारले उत्सवभन्दा बढी किसानका वास्तविक आवश्यकतामा ध्यान दिई समयमै मल उपलब्ध गराउने, जलवायु परिवर्तनबाट सिर्जित जोखिम न्यूनीकरण गर्ने तथा कृषि उत्पादन सुरक्षित बनाउने ठोस नीति र कार्ययोजना कार्यान्वयन गर्नुपर्ने माग गर्छन्।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा पर्ने दिगम्बरपुरका किसान रामउद्गार महतोले धान रोपाइँ जसोतसो गरिए पनि धान वालीका लागि आवश्यक पर्ने मल खाधका बारेमा जनप्रतिनिधिदेखि सांसद र नेताहरुसमेत गम्भीर नदेखिदाँ रसायनिक मलकै अभाव हुने टिप्पणी गरे। प्रत्येक वर्ष मल खाधको अभावका कारण खेतमा धान रोपाइँ हुँदा पनि मल खाधको समस्या हामीले प्रत्येक वर्ष भोग्दै आएको किसान महतोले स्मरण गरे। तर यसपटक पनि जनप्रतिनिधिहरुले समेत धान खेतमा आएर नाटक मञ्चन गर्नु दुःखद भएको उनको भनाइ छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# वाम एकतामा विद्याको भूमिका

नेपालको सत्तामा कयौं पटक पुगेको वामपन्थी दलहरु अहिले अघोषित संकटमा परेको छ। सबैभन्दा ठूलो वामपन्थी दल नेकपा एमाले सर्वाधिक संकटमा देखिएको छ । दोस्रो ठूलो वामपन्थी नेपाली कम्युनिष्ट पार्टी(नेकपा) पनि संकटमै छ । अन्य साना वामपन्थी दलहरुको स्थिति झन् बिग्रेको छ। वामपन्थी दलहरुबीच सहकार्य हुनुपर्ने आवाज उठिरहेको बेला पूर्व राष्ट्रपति विद्या देवी भण्डारीले वामपन्थी चार पूर्वप्रधानमन्त्रीलाई एउटै मञ्चमा ल्याएर एकता अनिवार्य रहेको सन्देश दिएकी छन् । गत वर्षको भदौसम्म एमालेको सदस्यता समेत रोकिएको भण्डारीलाई हाल सदस्यता खुल्ला गरिएको छ। जेन- जी आन्दोलनपछि एमालेले गरेको विशेष भेला र महाधिवेशनमा समेत भण्डारीलाई रोक लगाइएको थियो । राष्ट्रपतिको दोस्रो कार्यकाल पूरा गरी भण्डारी फेरि एमालेको राजनीतिमा फर्केकी छन् । उनी एमालेको हालसम्म कुनै औपचारिक बैठकमा सहभागी त भएकी छैन। तर अब उनी एमाले मात्र नभइ सबै वामपन्थी नेताहरुलाई एकै ठाउँमा राखेर दल बनाउने अभियान थालेकी छन् । भण्डारी यस अभियानमा सफल हुने संकेत पनि देखिएको छ । पूर्वप्रधानमन्त्रीहरु केपी शर्मा ओली, झलनाथ खनाल, माधव कुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्डलाई एउटै मञ्चमा राख्न सफल भएकी भण्डारीको प्रयासलाई सबै नेताहरुले स्वीकारेका छन् । उनीहरुले नेपालको राजनीतिमा टिक्न वाम एकताको विकल्प देखेको छैन । शीर्ष वामपन्थी नेताहरु विभिन्न संकटमा छन् । ओली पक्राउ परेका थिए । अझै मुद्दा हटेको छैन । माधव कुमार नेपाल पनि भ्रष्टाचारको मुद्दा खेपिरहेका छन् । विष्णु पौडेल सम्पत्ति शुद्धिकरण मुद्दामा हिरासतमा छन् । अन्य कयौं नेतामाथि मुद्दा लाग्ने भय छ। त्यसकारण पनि वामपन्थी नेताहरु एकताका लागि सहमत भएका छन् । जेन- जी आन्दोलन पनि भएको पहिलो प्रतिनिधिसभाको चुनावमा वामपन्थी दलहरुको स्थिति अत्यन्त कमजोर देखियो। संख्यात्मक रुपमा उनीहरुको उपस्थिति प्रतिनिधि सभामा कमजोर छ । झण्डै दुई तिहाइको सरकारले विगतमा लामो समय सत्तामा रहेका वामपन्थी र कांग्रेसका नेताहरु उपर रहेका विभिन्न मुद्दाहरुको फाइल खोल्न थालेको छ। लामो समय सत्तामा रहेका नेताहरु त्यसमा पर्ने छन् । राज्यबाट हुन सक्ने कारबाहीबाट डराएर वामपन्थी नेताहरुले मात्र एकता गर्न चाहेका छैनन् । एकजुट नभए अस्तित्व नै समाप्त हुने यथार्थ उनीहरुले बुझेरै एकताका लागि सहमत भएका छन् । भण्डारीको सार्थक प्रयासले वामपन्थी एकता सम्भव छ। उनी राष्ट्रपति रहेको बेला एमाले र माओवादीलाई मिलाउने, एमाले भित्र विवाद चर्किएको बेला ओली र नेपालबीच सहमति गराउन भूमिका खेलेकी थिइन् । राजनीतिमा नै सक्रिय भएकी भण्डारीको प्रयासमा वामपन्थी एकता सम्भव छ। वाम एकता भए देशमा ठूलो शक्तिको रुपमा स्थापित हुने छ। सरकारलाई समेत दबाबमा राख्न सक्ने स्थिति हुन सक्छ।

# लागुऔषधको खतरनाक दुनियाँ



● गोकर्णप्रसाद उपाध्याय

हामी चाहन्छौं, हाम्रा सन्तति स्वस्थ्य होऊन्। छिमेकीहरू सुरक्षित होऊन्।

तर वर्ल्ड ड्रग रिपोर्ट २०२५ ले असुरक्षाको कहालीलाग्दो तस्वीर देखाउँदै भन्छ – सन् २०२३ मा विश्वभर ३१ करोड ६० लाख लागुऔषध प्रयोगकर्ता छन् । पछिल्लो १० वर्षमा यो संख्या २८ प्रतिशतले बढेको छ ।

लागुऔषधको बढ्दो प्रयोगले समाजमा अशान्ति फैलाउन, स्वास्थ्यमा समस्या सिर्जना गर्न र अपराधलाई बढावा दिन भूमिका खेल्छ । मानौं शान्त तलाउमा ढुंगा फालेपछि छचल्किने पानीझैं समाजलाई तरंगित गर्छ ।

सारा विश्व जनस्वास्थ्य र नागरिक कल्याणका लागि साझा लक्ष्यका साथ अगाडि बढ्दैछ। तर ठूलो चुनौती छ – लागुऔषध ।

लागुऔषध दुरूपयोग र अवैध ओसारपसार अनन्त समस्याको रूपमा प्रकट भई दिनानुदिन भीमकाय हुँदैछ। यसले परिवारहरूलाई टुटाइरहेछ । समाजलाई बिगारिरहेछ। शरीर र मानसिक स्वास्थ्यमा असर गरिरहेछ । युवाहरूलाई मृत्युको मुखसम्म घचेटिरहेछ। हिंसा र अपराध बढाइरहेछ । भ्रष्टाचार नियन्त्रणमा चुनौती थपिरहेछ। दिगो विकास लक्ष्य प्राप्तिमा अड्चन पुऱ्याइरहेछ ।

गत आर्थिक वर्षमा नेपालमा मात्रै दर्जनौं किसिमका लागुऔषध बरामद भए । सयौं ठाउँमा लागुऔषध फेला परे । हजारौं मानिस पक्राउ परे। दसौं हजार ट्याब्लेट औषधि एकै जनाबाट बरामद भए । लाखौं मानिस प्रभावित देखिए। करोडौंको कालो र डरलाग्दो साम्राज्य बन्दैछ लागुऔषधको ।

लागुऔषधको बेग्लै खतरनाक दुनियाँ तयार भइरहेको छ । यो दुनियाँमा लागुऔषध मुद्दाहरू निरन्तर नयाँ नयाँ चुनौतीको रूपमा देखिँदै छन् । तिनको ओसारपसार, कारोबार, प्रयोग, भण्डारणमा नवप्रवर्तनको प्रयोग बढ्दै छ । त्यसैले अर्बौंको लगानी गर्नुपरेको छ राज्यले यसको नियन्त्रण र रोकथामको लागि ।

सन् २०२३ मा विश्वमा ६१ लाख युवा लागुऔषध प्रयोग वा ओसारपसार गर्दा पक्राउ परे । २६ लाखलाई मुद्दा चलाइयो । करिब १४ लाख लागुऔषधको प्रयोग, ओसारपसार वा उत्पादन आदिमा संलग्न रहेकोमा दोषी नै ठहरिए । नेपालमै पनि आर्थिक वर्ष २०८१/०८२ मा नेपालीसहित अठारभन्दा बढी देशका नागरिक गरी साढे ७ हजारभन्दा बढी मानिस पक्राउ परे ।

पछिल्ला दशकमा विश्वव्यापी लागुऔषधको प्रयोग र बजारमा उपलब्ध लागुऔषधहरूको संख्या बढ्दैछ । अवैध विश्वव्यापी अफिम बजारमा हेरोइनको एक शताब्दी लामो प्रभुत्व र अवैध आपूर्तिमा आएका परिवर्तनहरूले थप चुनौती दिइरहेका छन् । कोकिनको उत्पादन, बरामदको क्रम र प्रयोग बढ्दैछ। सिन्थेटिक औषधिहरूको उत्पादनको न्यून लागत र पत्ता लाग्ने जोखिम पनि कम हुनुले अवैध बजारमा तिनको वृद्धिमा योगदान पुगेको छ।

लागुऔषधको चुनौतीलाई परास्त गर्न यसलाई ठूलै शत्रु ठानेर युद्ध लड्नुपर्ने देखिन्छ। त्यसको लागि सर्वप्रथम लागुऔषधको परिचय, उत्पादन, प्रकार र अवस्थाको बारेमा बुझ्नु जरूरी छ।

### गाँजा

गाँजा विश्वको सबैभन्दा विवादास्पद र सर्वाधिक प्रयोग हुने लागुऔषध हो। सन् २०२३ मा करिब साढे २४ करोड अर्थात विश्व जनसंख्याको ४.६ प्रतिशत मानिस गाँजाका नियमित सेवनकर्ता छन् । पछिल्लो एक दशकमा यो संख्या ३४ प्रतिशतले बढेको हो ।

महादेशगत रूपमा उत्तर अमेरिकामा धेरै प्रयोग हुन्छ गाँजा। १५० भन्दा बढी देशमा यसको अवैध खेती हुन्छ । सन् २०२१ सम्म अफ्रिकाका ९, अमेरिकाका १५, एसियाका ६, युरोपका ३२, ओसेनियाका २ गरी ६४ देशले गाँजालाई मेडिकल प्रयोजनका लागि र करिब आधा दर्जन देशले मनोरञ्जन प्रयोजनका लागि गाँजालाई खुला गरिसकेका छन् । यो क्रम बढ्दो अवस्थामा छ ।

### अफिम

घातकको हिसाबले पहिलो नम्बरकै लागुऔषध हो अफिम । हेरोइन, मर्फिन, कोडेनजस्ता सुषुप्त बनाउने प्रकृतिका लागुऔषध अफिमबाटै तयार हुन्छन् । पछिल्लो एक वर्षमा अमेरिकामा मात्रै अफिमजन्य लागुऔषधहरूको ओभरडोजले हजारौंको ज्यान गएको छ ।

विश्वभर अफिमका ६ करोडभन्दा बढी अर्थात जनसंख्याको १.२ प्रतिशत प्रयोगकर्ता छन् । सबैभन्दा बढी प्रयोग हुने क्षेत्र दक्षिण र दक्षिण पश्चिम एसिया हो । सन् २०२४ मा विश्वमा अफिमको सबभन्दा ठूलो उत्पादक म्यानमार भएको छ। म्यानमार एक्लैले विश्वको आधा अफिम उत्पादन गरेको छ ।

५७ देशमा अवैध खेती हुने अफिमको दोस्रो ठूलो उत्पादक अफगानिस्तान हो । सन् २०२१ मा अफगानिस्तानमा २.७ बिलियन डलर (जिडिपीको १२ प्रतिशत) बराबरको अफिम अवैध निकासी भएको देखिन्छ ।

### एम्फेटामाइन टाइप स्टिमुलेन्टस् (एटिएस)

एम्फेटामाइन टाइप स्टिमुलेन्टस् (एटिएस) केन्द्रीय स्नायु प्रणालीलाई उत्तेजित पार्ने औषधिहरूको समूह हुन् । जसमा सबैभन्दा बढी प्रयोग हुने एम्फेटामाइन र एस्टासी पर्छन् । तीन करोडभन्दा बढी मानिस एटिएस प्रयोग गर्छन् ।

पछिल्लो एक वर्षमा एटिएस बरामदमा उल्लेख्य वृद्धि हुनुले यसको खतरनाक वृद्धिदर प्रस्ट हुन्छ । १०३ देशमा एस्टासी, १०५ देशमा एम्फेटामाइन र ११७ देशमा मेथफेटामाइन बरामद हुनुले यसको विश्वव्यापी सञ्जाल देखाउँछ । एम्फेटामाइन टाइप स्टिमुलेन्टस् बढी उत्पादन क्षेत्र पूर्वी र दक्षिण पूर्वी एसिया हो ।

### कोकिन

साढे दुई करोडभन्दा बढी अर्थात विश्व जनसंख्याको ०.५ प्रतिशत मानिस कोकिनका नियमित प्रयोगकर्ता छन् । उत्तर अमेरिका तथा पश्चिम र मध्य युरोप बढी प्रभावित हुन् ।

पछिल्ला पाँच वर्षमा कोलम्बिया (६१ प्रतिशत), पेरु (२६.४ प्रतिशत) र बोलिभिया (१२.६ प्रतिशत) ले लगभग शतप्रतिशत कोकाको झार उत्पादन गर्दै आएका छन् ।

सन् २०२० मा विश्वभर २ लाख चौतीस हजार हेक्टरमा कोकाको झार खेती भएको थियो । त्यसैगरी विश्वका आठ देशमा अवैध खेती गरेको पाइएको कोकामध्ये १ हजार ४२४ टन अवैध कोकिन बरामद गरिएको थियो ।

### न्यु साइकोएक्टिभ सब्स्टान्सेस

विश्वमा न्यू साइकोएक्टिभ सब्स्टान्सेसका दुई करोड अर्थात विश्व जनसंख्याको ०.४ प्रतिशत प्रयोगकर्ता छन् ।

नियन्त्रित औषधिका रूपमा प्रयोग हुने ट्रामाडोल (दुखाइ कम गर्ने औषधि), केटामाइन (पार्टीहरूमा मनोरञ्जनको लागि प्रयोग हुने), फेन्टानिल, बेन्जोडाइजेपाइन, एलएसडि आदि न्यू साइकोएक्टिभ सब्स्टान्सेसका उदाहरण हुन् ।

तिनको प्रयोग कुनै क्षेत्र विशेष नभएर विश्वव्यापी छ। सन् २०२१ को अन्त्यसम्म एकहजार एक सय सत्ताइस किसिमका साइकोएक्टिभ सब्स्टान्सेसहरू पहिचान भएका छन् जसमध्ये पछिल्लो एक वर्षमा मात्रै ७७ नयाँ किसिमका फेला परेका छन् ।

### लागुऔषध कहा फस्टाउँछ ?

एसियाका अधिकांश ठाउँमा अफिम



प्रयोग डिस्अर्डर । उत्तर अमेरिकामा कोकिन प्रयोग डिस्अर्डर । पूर्वी र दक्षिण पूर्वी एसिया, अस्ट्रेलिया र न्युजिल्यान्डमा एटिएस प्रयोग डिस्अर्डर व्यापक पाइन्छ ।

सन् २०२३ मा सुइँको माध्यमबाट ड्रग्स लिने संख्या एक करोड चालिस लाखभन्दा बढी पुगेको छ भने विश्वभर ५९ ओटा एस्टासी उत्पादन कम्पनी नष्ट (डिस्मेन्टल) गरिएका छन् ।

लागुऔषधको अवैध साम्राज्य त्यहाँ फस्टाउँछ जहाँ अभाव छ। द्वन्द्व छ। संकट छ। कानुनको शासन कमजोर छ । जहाँ राम्रो अभिभावकत्व छैन । जहाँ स्थानीय सरकार कमजोर छ । जहाँ लागुऔषधको समस्यालाई पूर्णतः बेवास्ता गरिएको छ ।

नेपालमा यी सबै समस्याहरू रहेकाले लागुऔषध कारोबार र सेवनको उर्वर भूमि बन्ने खतरा बढ्दै गएको छ ।

होइन भने एकै वर्षमा ६६ जिल्लाबाट लागुऔषधसहित करिब साढे ७ हजार मानिस पक्राउ पर्ने थिएनन् । अर्बभन्दा बढी रूपैयाँको ब्राउन सुगर एकै पटक बरामद हुने थिएन । दर्जनौं किसिमका लागुऔषधको ओसारपसार र कारोबार हुने थिएन। अपराधमा ठूलो हिस्सा यसकै हुने थिएन ।

अन्त्यमा, लागुऔषधबाट सदियौंदेखि सारा विश्व आक्रान्त छ । कोलम्बिया, अफगानिस्तान जस्ता केही देशमा त ड्रग डिलर्सले राज्य सञ्चालनमै प्रभाव पारेको सुनिन्छ । गोल्डेन ट्रायंगल, गोल्डेन क्रिसेन्ट, एन्डेन जस्ता लागुऔषधको उर्वर क्षेत्रमा राज्य पनि निरीह देखिन्छ ।

लागुऔषध ओसारपसारकर्ता नयाँ प्रयोगकर्तासम्मको पहुँच सुनिश्चित गर्न नवप्रवर्तनको खोजी गरिरहेका छन् ताकि उनीहरूको अर्बौं डलरको व्यवसाय थप फस्टाउन मद्दत पुगोस् ।

त्यसैले अब सर्वप्रथम युवाहरूलाई कूलतमा पर्न नदिन सचेतना अभिवृद्धि गरिनुपर्छ । लागुऔषधको जोखिममा पर्न लागेकालाई निरूत्साहन गर्नुपर्छ। परिसकेका सुरूआतकर्ताहरूलाई पुनर्स्थापनामा लैजानुपर्छ ।

अवैध ओसारपसार र कारोबार रोकथामको कारबाहीमा शून्य सहनशीलता अपनाइनुपर्छ । लागुऔषधको समस्या निमिट्यान्न पार्नेभन्दा पनि न्यूनीकरण गर्दै जाने हो ।

प्रमुख तस्करी मार्गहरू, विमानस्थल र सीमाक्षेत्रलाई सुरक्षित राख्न पहल गरिनुपर्छ । कृषकहरूलाई अवैध लागुऔषधजन्य खेतीबाट दिगो वैध जीविकोपार्जनतर्फ सार्न अवसर सिर्जना गर्नुपर्छ ।

होइन भने लागुऔषधको अन्धकार र खतरनाक दुनियाँमा प्रवेश गर्न युवाहरू थप हौसिइरहने छन् जसको मूल्य चुकाउन यो समाज, यो राज्यलाई हम्मे हम्मे पर्नेछ । यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको हो ।

**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति : २०८३/०३/१६ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकको शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०६/२७ गते सोमवारको राष्ट्रिय लोकतन्त्र दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८२/१२/१८ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बित्रकी गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट पूनः लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०३/२३ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०६/१६/०१ मा प्रा.फ.र.नं. ५९३१/०७३/०७४ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७३/०६/१८ (मू.अ.क. दर्ता मिति २०७३/०६/१८)मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५१८५०५० को प्रमाणपत्र प्राप्त **सिद्धि बिनायक प्लाईउड उद्योग** ।

**फर्मको ठेगाना :** सर्लाही जिल्ला, मलगंवा न.पा., वडा नं. ८ ।

**प्रोप्राईटर तथा जमानतकर्ता : बिनोद कुमार कलवार** (ना.प्र.नं. १०७७१२८९, जारी मिति २०५८/०४/०२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) स्थाई ठेगाना : सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. ११ (साविक बेला गा.वि.स. वडा नं. ७) । हालको ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८, बाबु : राम नाथ प्रसाद । बाजे : हरिहर प्रसाद ।

**जमानतकर्ता : किरण जयसवाल** (ना.प्र.नं. १९-०१-७४-०४७७८, जारी मिति २०७४।०४।३१, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८ । बाबु : बिश्वनाथ चौधरी । पति : बिनोद कुमार कलवार । ससुरा : राम नाथ प्रसाद ।

**जमानतकर्ता : अविनाश कुमार कलवार** (ना.प्र.नं. १९-०१-७७-२२९६१ जारी मिति २०७७/१२/२०, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८ । बाबु : बिनोद कुमार कलवार । बाजे : राम नाथ प्रसाद ।

**ख. लिलाम बिक्री हुने धितो सम्पत्तिको विवरण :**
१. **बिनोद कुमार कलवार**को नाममा मालपोत कार्यालय सर्लाही मलगंवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला विष्णुपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क स्थित कित्ता नं. १६८५, क्षेत्रफल ०-१०-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.... १
२. ऋणी सिद्धि बिनायक प्लाईउड उद्योगको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र शाखा कार्यालय **मलंगवा, सर्लाहीबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा **शाखा कार्यालय मलंगवा सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# अपनत्व महशुस हुने एनएमए बनाउने आइडिया



डा भुवन राज गिरी

'नयाँ सबै राम्रो, पुराना सबै खराब' भन्ने सोचबाट नेपाल अघि बढिरहेको छ। तर के साँच्चै सबै नयाँ राम्रा र सबै पुराना नराम्रा हुन्छन्? पक्कै होइन। तर उल्टो पनि सत्य हो- सबै पुराना राम्रै हुन्छन् भन्ने पनि होइन।

यही द्वन्द्व, यही बहस र यही मनोविज्ञान हालैको एनएमए निर्वाचनमा देखियो। परिवर्तनका नारा गुञ्जिए, पुरानालाई गाली गरियो, नयाँलाई आशाको केन्द्र बनाइयो। तर परिणाम फरक आयो। किनभने भावना र वास्तविकता सधैं एउटै हुँदैनन्। मूल प्रश्न भने पुरानो वा नयाँ होइन, संस्था, व्यक्ति र प्रणाली समयसँगै परिवर्तन हुन चाहन्छ वा चाहँदैन भन्ने हो।

एनएमए अर्थात् नेपाल मेडिकल एसोसिएसनको स्थापना सन् १९५६ मा भयो। त्यतिबेला नेपालमा डाक्टरहरू औंलामा गन्न सकिन्थे। स्थापनाकालदेखि यसको मुख्य उद्देश्यहरू थिए- चिकित्सा पेशाको मर्यादा र अधिकारको रक्षा, सार्वजनिक स्वास्थ्यको पैरवी, चिकित्सकबीच एकता, चिकित्सा शिक्षा र अनुसन्धानको प्रवर्द्धन, र राज्यसँग चिकित्सकको आवाज बन्नु।

यो एउटा संस्था मात्रै होइन, नेपाली चिकित्सकहरूको सामूहिक आवाज हो। सात दशक पार गरेको यो संस्था आज हजारौं चिकित्सकको साझा घर हो। तर प्रश्न उही छ- घर छ, तर त्यो घरमा अपनत्व छ कि छैन?

### परिवर्तनसंग नहिँड्दा के हुन्छ?

यत्रो ठूलो संस्था भए पनि कतै यसले आफ्नो बाटो गुमायो भन्ने प्रश्न उठ्छ। कारण स्पष्ट छ- परिवर्तनसँग तालमेल मिलाउन नसक्नु।

संसारमा एक मात्र स्थिर कुरा परिवर्तन हो। समय बदलिन्छ, पुस्ता बदलिन्छ र सोच बदलिन्छ। परिवर्तन रोक्न खोज्नु भनेको बगिरहेको नदीलाई हातले थाम्न खोज्नु जस्तै हो, केही क्षण रोकिएजस्तो देखिए पनि अन्ततः नदी आफ्नै बाटो जान्छ।

इतिहासले त्यही संस्थालाई सम्झिन्छ, जसले परिवर्तनलाई बुझ्यो, स्वीकार गऱ्यो र आफूलाई ढाल्यो। अरू केवल नाममा बाँच्छन्, प्रभावमा होइन। एनएमए पनि यदि परिवर्तनसँग हिँडेन भने संस्था त रहला, भवन रहला, चुनाव रहला तर नयाँ पुस्ता टाढिँदै जानेछ। अन्ततः संस्था 'शरीर त हुने तर आत्मा नहुने' अवस्थामा पुग्न सक्छ।

### नयाँ डाक्टरसाग सदस्यता प्रकियाबाटै दूरी

नयाँ मेडिकल अफिसरहरू, जसलाई एनएमएले आफ्नो 'मूल आधार' भन्छ, उनीहरूलाई नै यसको उद्देश्य र महत्व राम्रोसँग बुझाउन सकिएको छैन। सदस्यता प्रक्रियादेखि नै दूरी सुरु हुन्छ। ३५०० रुपैयाँ तिरेपछि वर्षौं पर्खनुपर्ने अनुभवले नयाँ डाक्टरलाई संस्था आफ्नै लाग्दैन।

चुनावको बेला 'हाम्रो मान्छे' बनाउने, पछि प्रश्न उठाउँदा असहज वातावरण बनाउने प्रवृत्तिले सदस्यहरू केवल दर्शक जस्ता बन्छन्। यसैले सदस्यता पैसा तिरेर 'ट्याग' लगाउने प्रक्रिया होइन, बुझाइ र सहभागितामा आधारित हुनुपर्छ।

त्यसैले अब एनएमएले परिवर्तन देखावटी होइन, महशुस हुनेगरी गर्नुपर्छ । त्यसका लागि निम्न कुरामा सुधार जरुरी छ :

### १. सदस्यता प्रक्रिया

३००० रुपैयाँ तिरेपछि वर्षौं कुर्ने प्रणाली बदलिनुपर्छ। कम्तीमा ६ महिनाको अवधिमा नयाँ डाक्टरलाई सक्रिय रूपमा जोड्नुपर्छ। स्नातकपछि डाक्टरहरू अन्योलमा हुन्छन्, त्यही बेला एनएमए मार्गदर्शन बन्नुपर्छ।

### २. 'प्रिअप' पहल

एनएमएले "प्रिअप" जस्तो पहल सुरु गर्न सक्छ, जसले नयाँ डाक्टरलाई वास्तविक क्लिनिकल निर्णयमा सहयोग पुऱ्याउँछ। बोन्डिङ, इन्टर्नसिप वा प्रारम्भिक कामको बेला धेरै व्यावहारिक समस्या आउँछन्। जस्तै ईसीजी रिडिङ, छालाका अवस्था, इमर्जेन्सी प्रोटोकल, , रिफरल अवस्थाका लागि एनएमएले 'प्रिअप' सुरू गर्नुपर्छ। इमर्जेन्सी र ननइमर्जेन्सी दुवैको प्रोटकल तयार पारेर नयाँ डाक्टरलाई अभिमुखीकरण गराउन पर्छ। यस्ता साना कुराले धेरै मेम्बर जोडिन्छन् र यो सभा घर बन्छ।

### ३. इन्टरजेनेरेसनल लर्निङ प्लेटफर्म

वरिष्ठ चिकित्सकको अनुभव र युवा डाक्टरको जिज्ञासा जोड्नुपर्छ। भाइबर वा ह्वाट्सएप आधारित प्रोफेसनल नेटवर्क बनाउँदा, कुनै गाउँमा काम गर्ने डाक्टरले ईसीजी पठाएर तुरुन्त सुझाव पाउन सक्छ। कुनै डर्म्याटोलोजिकल लिजन देख्दा सीनियर बाट तत्काल रेसपोन्स आओस् यो सानो कदमले ठूलो प्रभाव पार्छ।

### ४. सुरक्षा र भरोसा

नेपालमा डाक्टरमाथि हिंसाका घटना बढिरहेका छन्। केवल कानुनले मात्र सुरक्षा सुनिश्चित हुँदैन। अस्पतालमा कुटिने, धम्की पाइने, मेडिको-लिगल जोखिम झेल्ने चिकित्सकलाई केवल 'हामी साथमा छौं' भन्ने फेसबुक स्टाटसले पुग्दैन। एनएमएले इन्डेम्निटी इन्स्योरेन्स र स्वास्थ्य बीमा जस्ता ठोस प्रणाली ल्याउनुपर्छ, जसले डाक्टर र उनीहरूको परिवारलाई वास्तविक सुरक्षा दिन सकोस्।

### ५. सीएमई

आजको समय इभिडेन्स-बेस्ड मेडिसिनको हो। एनएमएले अनलाइन र अफलाइन दुवै माध्यमबाट नियमित सीएमई प्लेटफर्म बनाउनुपर्छ। काठमाडौंमा मात्र होइन, बाजुरासम्म अपडेटेड ज्ञान पुग्नुपर्छ। यसले उपचार सुधार गर्छ र समाजमा विश्वास बढाउँछ।

# बोक्सी प्रथाविरुद्ध मधेशमा जनचेतना अभियान



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बोक्सीजस्ता कुरिति विकृतिजन्य घटनाहरु न्यूनीकरणका लागि मधेश प्रदेशको विभिन्न जिल्लामा धार्मिक अन्धविश्वासबाट मुक्त गराउन अभियान सञ्चालन हुँदैछ ।

बोक्सी प्रथाजस्ता अन्धविश्वास, हिंसा र सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले 'मान्छे बोक्सी हुन्न कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठानले धनुषाका विभिन्न स्थानमा जनचेतनामूलक अभियान सञ्चालन मंगलबारदेखि थालिदैंछ ।

जनकपुरधाममा सोमबार पत्रकार सम्मेलन आयोजन गर्दै प्रतिष्ठानका राष्ट्रिय संयोजक कोविदशरण उपाध्यायले बोक्सीको आरोपमा हुने हिंसा न्यूनीकरण गर्न समुदायस्तरमै पुगेर सचेतना फैलाइने जानकारी दिए ।

उनले जनाए अनुसार आर्थिक वर्ष २०८३/०८४ भरि धनुषामा बोक्सीको आरोपमा घटना भएका बस्ती र समुदायलाई प्राथमिकतामा राखेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

उनले बोक्सी प्रथाविरुद्ध कानुनी व्यवस्था भए पनि अन्धविश्वासका कारण ग्रामीण क्षेत्रमा यस्ता घटना अझै दोहोरिरहेकाले प्रभावित समुदायमै पुगेर जनचेतना अभिवृद्धि गर्ने अभियान अघि बढाइएको बताए ।

जिल्ला प्रहरी कार्यालय धनुषाको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/०८३ मा बोक्सीको आरोपमा प्रताडित गरिएका पाँच वटा घटना दर्ता भएका थिए ।

प्रतिष्ठानले ती घटनासंग सम्बन्धित क्षेत्रमै पुगेर स्थानीयवासीसंग अन्तरक्रिया, सचेतना तथा सामाजिक रूपान्तरणका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

अभियानको उद्घाटन प्रतिनिधिसभाकी उपसभामुख रुवी ठाकुरले गर्ने कार्यक्रम तय गरिएको प्रतिष्ठानले जनाएको छ ।

नेपालमा 'बोक्सी सम्बन्धी कसुर र सजाय ऐन, २०७२' लागु भइ बोक्सीको आरोप लगाउने, कुटपिट गर्ने वा अमानवीय व्यवहार गर्नेलाई कानुनी कारबाहीको व्यवस्था भए पनि सामाजिक अन्धविश्वासका कारण यस्ता घटना पूर्ण रूपमा रोकिन सकेका छैनन् ।

धनुषा, महोत्तरी र रौतहटका केही पालिकामा बोक्सीजस्ता अन्धविश्वासविरुद्ध अभियान चलाइने छ भने मंगलबार जनकपुरधाममा बोक्सीविरुद्धको कार्यक्रम हुने भएको छ ।

# स्थानीय तहमा महिलाको सहभागिता प्रभावकारी हुनुपर्छ

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहमा सीमान्तकृत महिलाको सहभागिता अनिवार्य र प्रभावकारी हुनुपर्ने वक्ताहरुले जोड दिएका छन् ।



जनकपुरधाममा सोमबार आगामी स्थानीय तह निर्वाचनमा सीमान्तकृत समुदायका महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न कानुनी, सामाजिक तथा राजनीतिक अवरोध हटाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

'आगामी स्थानीय तह निर्वाचनमा सीमान्तकृत समुदायका महिलाको सहभागिता बढाउन मिडियाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले संविधानले समान अधिकारको प्रत्याभूति गरे पनि व्यवहारमा दलित, मुस्लिम, आदिवासी जनजाति, पछाडि पारिएका तथा विपन्न समुदायका महिलाले निर्वाचन प्रक्रियामा अझै पनि अनेक चुनौती सामना गरिरहेको बताएका हुन् ।

सो कार्यक्रममा बोल्दै आयोजक संस्था संकल्प मधेश प्रदेशका संयोजक गंगाथापा मगरले राजनीतिक दलभित्र समावेशी उम्मेदवार छनोटको प्रभावकारी अभ्यास नहुँदा, निर्वाचन खर्चको व्यवस्थापन, नेतृत्व विकास तालिम तथा निर्वाचनसम्बन्धी कानुनी जानकारीको अभावका कारण सीमान्तकृत महिलाको राजनीतिक सहभागिता कमजोर रहेको बताइन् ।

संस्थाका सल्लाहकार निलम कर्णले महिलाहरूले आफ्नो अधिकार र अवसरको उपयोग गर्दै नेतृत्वमा पुग्न स्वयं पनि सक्रिय र अग्रसर हुनुपर्ने बताइन् ।

उनले महिलाको सहभागिता उम्मेदवारीमा मात्र सीमित नभई निर्णय तहसम्म प्रभावकारी उपस्थिति हुनुपर्ने बताइन् । सो कार्यक्रममा वक्ताहरूले स्थानीय सरकारलाई थप समावेशी र उत्तरदायी बनाउन महिलाको प्रतिनिधित्व संख्यात्मक मात्र नभइ नीति निर्माण र निर्णय प्रक्रियामा पनि प्रभावकारी हुनुपर्ने बताए ।

उनीहरूले राजनीतिक दलहरूले उम्मेदवार चयनका क्रममा सीमान्तकृत समुदायका महिलालाई प्राथमिकता दिनुपर्ने, साथै राज्यले उनीहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास र निर्वाचनसम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने सुझाव दिएका थिए ।

वक्ताहरूले आगामी स्थानीय तह निर्वाचनलाई समावेशी लोकतन्त्र सुदृढ गर्ने अवसरका रूपमा उपयोग गर्दै सीमान्तकृत महिलाको राजनीतिक पहुँच र नेतृत्व विकासमा सञ्चारमाध्यमले पनि सकारात्मक भूमिका निर्वाह अवश्य पनि गर्ने बताए ।

# सरकारको निरिहताले धान उत्पादन घटदै

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गोपालपुर २३ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सवको धान रोपाई गरिएको छ ।



नेपाल किसान महासंघ धनुषाको आयोजनामा क्षिरेश्वरनाथ नगरपालिका १० गोपालपुरमा धान रोपाई गरिएको छ । नेपाली कांग्रेस मधेश प्रदेशका प्रमुख सचेतक कुमरकान्त झाको प्रमुख आतिथ्यमा मनाइएको धान दिवसको अवसरमा स्थानीय किसान तथा नेपाली कांग्रेससँग नेता कार्यकर्ताहरुले धान रोपाई गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख सचेतक झाले भने अन्न उत्पादनको भण्डार भनिने मधेश प्रदेशमा सरकारको निरिहताले धान उत्पादन घट्दै गएको छ । आकाशे पानीको भरमा मधेशमा खेती गरिदै आएको कारण उत्पादन घटदै गएकोमा उनले जोड दिए । साथै उनले सिचाईको व्यवस्था मधेश सरकारले एक्लै गर्न नसक्ने औंल्याउँदै संघीय सरकारको सहकार्य आवश्यक रहेको भने ।

झाले भने सरकारले पर्याप्त सिचाईको व्यवस्था नगर्दा किसानहरु आकाशे पानीको भर पर्नु परिहेकाले धान मात्र होइन अन्य बालीको पनि उत्पादन घटदै गएको हो । आफूले प्रदेश सभामा पटक पटक किसानको समस्या बारे कुरा राख्दै आएपनि प्रदेश सरकार चासो नलिएको गुनासो उनले गरे ।

# सप्तरीमा भासियो हुलाकी सडक



**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा सामान्य वर्षामै पुलसंग जोडिएको हुलाकी सडक भासिएको छ । दुई दिनअघि भएको वर्षाका कारण 'रेनकट' लागेर विष्णुपुर गाउँपालिका-१, खुरहुरिया टोलभन्दा पूर्वतर्फ रहेको पुलछेउमै सडक भासिएको छ ।

कम चौडाइ रहेको उक्त पुलबाट यसअघि नै चारपांग्रे सवारीसाधन एकतर्फी रुपमा आवागमन हुँदै आएको छ । तर, अहिले पुलछेउमै सडक भासिँदा सवारीसाधन आवागमनमा थप समस्या भइरहेको वडाध्यक्ष बलराम यादवले जानकारी दिए ।

'सडक भासिँदा अहिले दुर्घटनाको जोखिम बढेकोले हामीले स्थानीयस्तरबाट हुनसक्ने तत्काल सडक मर्मत गर्न तयारी गरिरहेका छौं' उनले भने, 'तर, जल तथा मौसम विज्ञान विभागले भोलि र पर्सी यस क्षेत्रमा भारी वर्षा हुने अनुमान गरेकोले ठोस पहलका लागि सम्बद्ध कार्यालयको पनि ध्यान पुग्नु जरुरी छ ।'

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय इटहरीका सूचना अधिकारी इञ्जिनियर उपेन्द्र दासले राजविराजदेखि पश्चिमतर्फको सडक खण्ड ४ महिनाअघि नै सडक डिभिजन कार्यालय लहानलाई हस्तान्तरण गरिसकेको बताए । 'अब उक्त सडकको मर्मतसम्भारलगायतका कार्य डिभिजन कार्यालयले नै गर्नेछ,' उनले अघि थप्दैं भने ।

सडक डिभिजन कार्यालयका प्रमुख सीडीइ ध्रुवकुमार झाले सडकको 'इर्मेजेन्सी वर्क' सिल कोटेसनमार्फत गरिने तयारी रहेको बताए । उनले भने, 'खर्च कम गर्नका लागि हामीले न्यूनतम ७ दिने सूचना प्रकाशन गरेर ती कार्यहरु अघि बढाउछौं, रेनकट लागेर सडकमा क्षति पुगेको विवरण हामीले अघि नै संकलन गरिसकेका छौं ।'


## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

## हक दावि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक जिल्ला धनुषा देउरी परवाहा वडा नं. २ हाल परिवर्तित औरही गा.पा. वडा नं. २ मा बस्ने बंशी मिश्रको नाती गुलाव मिश्रको छोरा कालिकान्त मिश्रले मेरो नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स.देउरी परवाहा वडा नं.८ कि.नं.१५३ क्षेत्रफल ०-१-१९-० जग्गाको जग्गाधनी दर्ता स्रेस्ता प्रमाणित गरी जग्गाधनी प्रमाणपूर्जा पाउँ भनी द.नं.१४९५३ मिति २०८२/११/१३ को यस कार्यालयमा निवेदन माग दावी गरेकोले मिति २०८३/२/१९ को आदेशानुसार यो हकदावी सम्बन्धी सूचना प्रकाशन गरिएको छ । यसमा निवेदकको माग दावी अनुसारको अप्रमाणित स्रेस्ता प्रमाणित गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फर्क पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु सँग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालयमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| धनुषा | देउरी परवाहा | ८ | १५३ | ०-१-१९-० | नाम-कालिकान्त मिश्र वतन- देउरी परवाहा-२ धनुषा बुवा-गुलाब मिश्र बाजे- वंशी मिश्र |



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मितिः २०८३/०३/१६ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकको शाखा कार्यालय मलंगवाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०५/१३ गते शुक्रबार र मिति २०८२/०४/०४ गते आइतबारको राष्ट्रिय लोकतन्त्र दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८२/०८/०८ गते सोमवार र मिति २०८३/०१/११ गते शुक्रवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट पूनः लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरि लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात अर्थात मिति २०८३/०३/२३ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो स्वरुप रहेका तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

१ **ऋणीः** प्रदेश सरकार, मधेश प्रदेश नेपाल, उद्योग पर्यटन तथा वन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६७/०५/२९ मा दर्ता भई प्रा.फ.र.नं. १०६१/२०६७/०६८, कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय मलंगवा, सर्लाहीबाट मिति २०६७/०६/११ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००१६८३७३ को प्रमाणपत्र प्राप्त **अमन गिफ्ट कर्नर । फर्मको ठेगानाः** सर्लाही जिल्ला, मलंगवा नगरपालीका वडा नं. ८ ।

**प्रोप्राइटर तथा जमानतकर्ताः शिवनाथ गोस्वामी** (ना.प्र.न. १९३०३१/८१८ जारी मिति २०६३।१२।२२, जि.प्र.का. सर्लाही) । ठेगानाः जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ (साविक ऐ.ऐ. वडा नं.५) । बाबुः बलदेव जोगी । बाजेः चलित्र जोगी ।

**जमानतकर्ताः रामाशंकर जोगी** (ना.प्र.न. १९३०३१/८१७ जारी मिति २०६३।१२।२२, जि.प्र.का. सर्लाही) । ठेगानाः जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ (साविक ऐ.ऐ. वडा नं.५) । बाबुः बलदेव जोगी । बाजेः चलित्र जोगी ।

**जमानतकर्ताः बलदेव जोगी** (ना.प्र.न. ७१४३०६११, जारी मिति २०३६।०४।१६, जि.प्र.का. सर्लाही) । ठेगानाः जिल्ला सर्लाही मलंगवा न.पा. वडा नं. ३ (साविक ऐ.ऐ. वडा नं.५) । बाबुः चलित्र जोगी । बाजेः सुकन जोगी ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

१. बलदेव जोगीको नाममा मालपोत कार्यालय सर्लाही मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला मलंगवा न.पा. वडा नं. ५, नक्सा सिट नं. ०८८६००९, स्थित कि.नं. २८५ र २८८ क्षेत्रफल ०,००५७.३३ र ०,००३३.८६ (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .... १

२. ऋणी अमन गिफ्ट कर्नरको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..... १

२. **ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/१०/२०/०५ मा दर्ता भई प्रा.फ.र.नं. ६१४८/०७३/०७४ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७३/१०/२१ मा करदाताको नाम सन्जोग कुमारी महतो कारोवारको नाम कुशबंशी गाई पशु पालन कृषि फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५७०३३०२ को प्रमाणपत्र प्राप्त **कुशबंशी गाई पशु पालन कृषि फर्म ।**
**फर्मको ठेगानाः** सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. १ (साविक नेत्रगंज गा.वि.स., वडा नं. ७) ।

**प्रोप्राईटर तथा जमानतकर्ताः सन्जोग कुमारी महतो** (ना.प्र.नं. ७११०००४५, जारी मिति २०५४/०६/०८, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १ (साविक पत्थरकोट गा.वि.स. वडा नं. ८) । बाबुः नागेश्वर महतो । पतिः राम एकवाल महतो । ससुराः राजदेव महतो ।

**जमानतकर्ताः राम एकवाल महतो** (ना.प्र.नं. ६६४८०८७८, जारी मिति २०६१/०४/०६, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगानाः सर्लाही जिल्ला सर्लाही जिल्ला लालबन्दी न.पा. वडा नं. १ (साविक नेत्रगन्ज गा.वि.स. वडा नं. ७) । बाबुः राजदेव महतो । बाजेः रघुविर महतो ।

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. सन्जोग कुमारी महतोको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला हरीपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ग, स्थित कित्ता नं क्रमसः २४५, २५० र ३४१ क्षेत्रफल क्रमसः ०-१-१२-८, ०-४-४-० र ०-४-१५-० (बिघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ...........१

२. ऋणी **कुशबंशी गाई पशु पालन कृषि फर्मको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय,बबरमहल,काठमाण्डौ र शाखा कार्यालय **मलंगवा, सर्लाही**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय **मलंगवा सर्लाही**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/१२/१७ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** महोत्तरी जिल्ला, हतिसर्वा गा.वि.स. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा मिति २०७३/१२/०३ मा प्रा.फ.नं. ४२९४/४/०७३/०७४ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७३/१२/०३ मा स्थायी लेखा नम्बर (PAN) ६०५८३६७७६ अन्तर्गत दर्ता कायम भएको **जय माँ सोनामाई फिक्स ईट्टा उद्योग** ।
**प्रोप्राइटर : सन्तोष कुमार यादव**

**ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानतकर्ताको विवरण**

**२.** नन्दलाल यादवको बुहारी, सन्तोष कुमार यादवको पत्नी, महोत्तरी जिल्ला, साविक औरही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने **सविता देवी यादव** (ना.प्र.नं. १८३०६४/१०४२, जारि मिति २०६३/१०/२६, जि.प्र.का. महोत्तरी) ।

**ऋणी १ र ऋणी २ को व्यक्तिगत जमानतकर्ताको विवरण**

१. उत्तिम यादवको नाति, नन्दलाल यादवको छोरा, महोत्तरी जिल्ला, साविक औरही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने **सन्तोष कुमार यादव** (ना.प्र.नं. ०३३५२८७०, जारि मिति २०५२/०५/१२, जि.प्र.का. महोत्तरी) ।

२. उत्तिम यादवको बुहारी, नन्दलाल यादवको पत्नी, महोत्तरी जिल्ला, साविक औरही गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने **रासपती देवी** (ना.प्र.नं. ०३३६/१२१०, जारि मिति २०४४/१२/२९, जि.प्र.का. महोत्तरी) ।

**धितोको विवरण**

१. **ऋणी १ को पक्षमा रोक्का रही ऋणी २ को पक्षमा दाहोरो धितोबन्धकी कायम रहेको** रासपती देवी (ना.प्र.नं. ०३३६/१२१०, जारि मिति २०४४/१२/२९, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ क स्थित कित्ता नं. ३० र ४०३ को क्षेत्रफल क्रमशः ०-१-७-० र ०-२-३-१० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सो जग्गामा बनेको घर र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी १ को पक्षमा रोक्का रही ऋणी २ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको** रासपती देवी (ना.प्र.नं. ०३३६/१२१०, जारि मिति २०४४/१२/२९, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. १७४ को क्षेत्रफल ०-२-१० (बि.क.धु.) बमोजिमको जग्गा एवं सो जग्गामा बनेको घर र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. जय माँ सोनामाई फिक्स ईट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/३० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/३१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय बर्दिबास, महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
**शाखा कार्यालय : बर्दिबास, महोत्तरी**
**फोन नं. ०४४-५५०६४०**
**Website** : www.siddharthabank.com

# उपसभामुख आफ्नै खेतमा मनाए धान दिवस



**टुडे समाचारदाता**

जनकपुरधाम । देशभरसहित धनुषामा राष्ट्रिय धान दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । यसै अवसरमा प्रतिनिधि सभाका उपसभामुखरुबीकुमारी ठाकुर धनुषा जनकपुरधाम १४ स्थित आफ्नै खेतमा धान रोपाइँ गरी धान दिवस मनाएको छ ।

जनकपुरधामको मुजेलिया क्षेत्रमा रहेको आफ्नै खेतमा पुगेर उपसभामुख ठाकुरले किसानसँगै धान रोप्दै कृषि पेसाप्रति सम्मान व्यक्त गरिन् । धान रोपाइँमा सहभागी हुँदै उनले कृषि नेपाली अर्थतन्त्रको मेरुदण्ड भएकाले किसानको श्रम र योगदानको उच्च कदर हुनुपर्ने बताइन् ।

उपसभामुख बन्नुअघि पनि उनी नियमित रूपमा खेतीपातीमा संलग्न रहने गरेको बताइन्छ । किसान परिवारमा हुर्किएकी ठाकुरका बुबाआमा अहिले पनि कृषि कर्ममै सक्रिय छन् । सार्वजनिक जिम्मेवारीमा पुगेपछि पनि कृषि र किसानसँगको सम्बन्धलाई निरन्तरता दिँदै आएको उनको भनाइ छ ।

हरेक वर्ष असार १५ गते राष्ट्रिय धान दिवस तथा दही चिउरा खाने पर्वका रूपमा देशभर विभिन्न कार्यक्रम गरी मनाइने गरिन्छ ।

उता धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धानबाली अनुसन्धानमा पनि २३ औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइएको छ ।

'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नाराका साथ आयोजित सो कार्य कृषि क्षेत्रमा बढ्दै गएको चुनौतीबीच आधुनिक प्रविधि, अनुसन्धान र किसानमैत्री नीतिमार्फत धान उत्पादन बढाउनुपर्नेमा कार्यक्रमका वक्ताहरूले जोड दिएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले नेपाल कृषि प्रधान देश भए पनि खाद्यान्नमा पूर्ण आत्मनिर्भर बन्न नसक्नु चुनौतीपूर्ण विषय भएको उल्लेख गर्दै जलवायु परिवर्तनको असरलाई समयमै सम्बोधन नगरे कृषि उत्पादनमा थप संकट आउन सक्ने बताए ।

उनले कृषि क्षेत्रलाई परम्परागत अभ्यासबाट आधुनिक र वैज्ञानिक प्रणालीतर्फ रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै अनुसन्धान संस्थाले विकास गरेका प्रविधि र उन्नत जातका बीउ किसानसम्म प्रभावकारी रूपमा पुर्‍याउन सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताए ।

कार्यक्रममा राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमका प्रमुख मथुरा प्रसाद यादवले पछिल्ला वर्षहरूमा धान उत्पादनमा सकारात्मक सुधार देखिएको जानकारी दिए । उनका अनुसार हर्दिनाथ क्षेत्रसहित यस भेगमा प्रतिहेक्टर औसत करिब चार मेट्रिक टन धान उत्पादन भइरहेको छ । तर, जलवायु परिवर्तनका कारण अनियमित वर्षा, अत्यधिक तापक्रम तथा रोग-कीराको जोखिम बढ्दै जाँदा उत्पादनमा दीर्घकालीन असर पर्ने सम्भावना रहेको उनले बताए ।

दिवसको अवसरमा अनुसन्धान केन्द्र परिसरमा कृषि वैज्ञानिक, प्राविधिक, किसान, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि तथा सरोकारवाला निकायका पदाधिकारीले सामूहिक रूपमा धान रोपाइँ गरेका थिए ।

कृषि विभागले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न आधुनिक तथा जलवायुमैत्री खेती प्रणाली अपनाउन किसानलाई आग्रह गर्दै आएको छ ।

# 'जनकपुरक अधिकार कतय गेल' रञ्जित कर्णको प्रश्न

"जनकपुरमा प्रदेश बलियो बनाउनुपर्छ भन्ने, कर्णालीमा कर्णालीको सम्मानको कुरा गर्ने, सुदूरपश्चिममा अधिकारको कुरा गर्ने, अनि काठमाडौं फर्किएपछि प्रदेश खारेजको कार्ड खेल्ने ?"





**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सांसद रञ्जित कर्णले प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' सँग जनकपुरको अधिकार बारे मैथिली भाषामै जवाफ माग गरेका छन् ।

संविधान कार्यान्वयन र संघीयता मर्म अनुसार अधिकार विकेन्द्रीकरणको विषयमा उनले भनेका छन 'काठमाडौंक सिंहदरबार त बनल, मुदा हम्मर जनकपुरक अधिकार कतय गेल ?' प्रधानमन्त्रीज्यू ।

२१ फागुन २०८२ को निर्वाचन अगाडि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५ माघ २०८२ मा जनकपुरमा पहिलो आमसभा राखेको थियो । उक्त आमसभालाई सम्बोधन गर्दै बालेनले प्रदेशलाई अझ बलियो बनाउनुपर्ने बताएका थिए ।

त्यसबेला बालेन भावी प्रधानमन्त्रीको रूपमा अघि सारिएका थिए । मधेशको स्थानीय पहिरन लगाएर उनले मैथिली भाषामा सम्बोधन गरेका थिए । उनले भनेका थिए, 'काठमाडौंमा पुछिछला, जनपुरमा पुछिएकी राष्ट्रिय स्वतन्त्र पार्टीके संघीयता प्रतिके, प्रदेशप्रतिके धारणा कथिहे । हम यी कह चहिएछ कि प्रदेश आरो बल्गर बनाबके हे ।'

अर्थात्, प्रदेशलाई अझ बलियो बनाउनुपर्छ भन्ने उनको धारणा थियो । प्रदेशले ५० हजारको धारा जोड्ने काम नगरेर पालिका-पालिका जोडेर काम गर्ने गरी अगाडि बढ्ने वातावरण बनाउने उनको वाचा थियो ।

प्रदेशलाई बलियो बनाएपछि अधिकारका लागि काठमाडौं धाउनु नपर्ने उनको विश्वास थियो । जनकपुर प्रदेशके राजधानी भएको र नागरिकले सबै काम प्रदेशबाटै प्राप्त हुनुपर्ने भनदै काठमाडौं अधिकार माग्न नभएर घुम्नका लागि जाने गरी, पशुपतिनाथ र स्वयम्भू दर्शन गर्न मात्र जाने गरी काम गर्ने वाचा गरेका थिए ।

यस्तो अभिव्यक्ति दिएर जनताको मत पाएर बालेन नै प्रधानमन्त्री बनेको स्मरण गर्दै सांसद कर्णले चुनावी वाचा अनुसार संघीयतालाई बलियो बनाउने र प्रदेशलाइ अधिकार सम्पन्न गराउने गरी के कस्ता काम भए भनेर पश्न गरेका हुन् ।

बालेनको भनाइ स्मरण गर्दै कर्णले भने, 'मैथिली भाषाको यो एउटा सामान्य प्रश्न मात्र होइन, यो आज मधेश, कर्णाली र सुदूरपश्चिमका लाखौं उत्पीडित नागरिकको मुटुको ढुकढुकी हो ।'

विगतमा व्यवस्था परिवर्तनका लागि बगेको तातो रगत र अहिले व्यवस्था जोगाउन छटपटाइरहेको आम नेपालीको आगोका बीचमा समानता रहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गरेका हुन् । यसक्रममा उनले प्रधानमन्त्री बालेनले जनकपुरमा प्रदेशलाई बलियो बनाउने गरी दिएको अभिव्यक्ति स्मरण गरेका हुन् ।

जनकपुरमा मात्रै होइन, बालेनले अन्यत्र गएर पनि संघीयता र प्रदेश अधिकार बारे धारणा राखेका थिए । ति धारणा स्मरण गर्दै सांसद कर्णले थपे, 'कर्णाली पुग्दा उहाँले भन्नुभयो, अब कर्णालीका सुइना (सपना) हम्मा सुइना हुन् । सुदूरपश्चिमको डडेल्धुरा पुगेर गुञ्जायमान हुनुभयो, सुदूर अब दूर नही, झिकाइ झिकाइ माया तम्लाई ।'

चुनाव अगाडिका वाचा र प्रतिबद्धताका विवरण प्रस्तुत गर्दै सांसद कर्णले प्रधानमन्त्री बालेनलाई प्रश्न गरेका हुन् । साथै, प्रदेश सभा खारेज गर्ने नीतिमा कसरी पुगेको भन्ने प्रश्न पनि उनले सत्तारुढ रास्वपालाई गरेका छन् ।

'त्यतिबेला देशका कुनाकाप्चामा पुगेर संघीयताको मर्म र विकेन्द्रीकरणको वकालत गर्ने नेतृत्व आज सिंहदरबारको कुर्सीमा पुगेपछि किन मौन छ छ ? किन आज त्यही नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टी ले हालै चितवनको भेला मार्फत प्रदेश सभा खारेज गर्ने राजनीतिक प्रस्ताव पारित गर्‍यो ?' कर्णले भनेका छन् ।

चितवनमा सम्पन्न रास्वपाको प्रथम महाधिवेशनमा उपसभापति डा. स्वर्णिम वाग्लेले अर्थ-राजनीतिक प्रतिवेदन पेस गरेका थिए । रास्वपाको प्रथम महाधिवेशनमा प्रदेश सभा खारेजी र स्थानीय तहको संख्या घटाउने अवधारणा पेस भएको छ ।

जसमा संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्ने भनिएको छ । यहाँनेर डा. वाग्लेले भनेका छन्, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को संख्यामा एकतिहाइ कटौती, प्रदेश सभाको खारेजीसहित संघीयताको पुनर्संरचना, न्यायपरिषद्लगायत अन्य संवैधानिक अंगहरूको आमूल सुधार, मान्यताप्राप्त राजनीतिक दलको पारदर्शी कोषभरणजस्ता शासकीय सुधारका एजेन्डा रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ ।'

चुनाव अगाडि प्रदेश बलियो बनाउने वाचा गरेको रास्वपाको महधिवेशनबाट प्रदेश सभा खारेज गर्ने विषय कसरी पास भयो भनेर सांसद कर्णले प्रश्न उठाएका हुन् ।

'जनकपुरमा प्रदेश बलियो बनाउनुपर्छ भन्ने, कर्णालीमा कर्णालीको सम्मानको कुरा गर्ने, सुदूरपश्चिममा अधिकारको कुरा गर्ने, अनि काठमाडौं फर्किएपछि प्रदेश खारेजको कार्ड खेल्ने ?' सांसद कर्ण भन्छन्, 'यो राजनीतिक स्थिरता होइन । यो त नांगो राजनीतिक अवसरवाद हो, जनतामाथिको ठूलो विश्वासघात हो । चुनाव जित्नका लागि जे पनि बोल्ने र सत्तामा पुगेपछि जनताको अधिकारको घाँटी थिच्ने यस्तो प्रवृत्तिले लोकतन्त्रलाई बलियो बनाउँदैन ।'

सांसद कर्णले वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र संघीयता कसैको राजनीतिक सनकको लौरो नभएको र कसैको निगाहमा प्राप्त नभएको बताएका छन् ।

'हामीले बिर्सिन मिल्दैन, यही व्यवस्थाका लागि १७ हजार नेपाली जनताले आफ्नो ज्यानको आहुति दिएका छन्,' उनले भनेका छन्, 'मधेश आन्दोलनका घाउहरू अझै ओभिएका छैनन् । जहाँ हाम्रा दाजुभाइले छातीमा गोली थापेर यो देशमा पहिचान र समावेशिताको झण्डा गाडेका थिए । दलित, जनजाति, महिला र उत्पीडित समुदायले दशकौंसम्म गरेको बलिदानी संघर्षको परिणाम हो वर्तमान संविधान ।'

तर पछिल्लो समयमा पपुलिजम वा लोकप्रियतावादको सस्तो राजनीति गर्नेहरूले प्रदेश खर्चिलो भयो, यसलाई खारेज गरौं भन्ने गरेको सांसद कर्ण बताउँछन् ।

'म यसै रोष्ट्रमबाट गम्भीरताका साथ चेतावनी दिन चाहन्छु, खबरदार बालेनजी । खबरदार यो सरकार । राजनीतिक पपुलिजम र सस्तो लोकप्रियताका लागि संविधानका आधारभूत पिलरहरू भत्काउन खोजियो भने देश अर्को ठूलो दुर्घटनामा फस्नेछ,' कर्ण भन्छन्, 'देशमा फेरि अर्को मधेश आन्दोलन, अर्को दलित आन्दोलन वा अर्को आन्तरिक विद्रोह निम्त्याउने आत्मघाती काम नगरियोस् ।'

सरकारले जनताले प्राप्त गरेको अधिकार सहज ढंगले उपभोग गर्न पाउनुपर्ने अन्यथा, आफ्नो अधिकार रक्षाका लागि फेरि सडकमा उत्रन बाध्यउ हुने उनको चेतावनी छ ।

उनको आग्रह छ, 'जनताले सुशासन खोजेका हुन् । संविधानको चिरहरण होइन ।' संघीयताको घाँटी निमोठ्ने कुत्सित प्रयास गरियो र जनतालाई सस्तो नाराले झुक्याउने काम भयो भने टुलुटुलु हेरेर नबस्ने उनको चेतावनी छ ।

# मधेशी जनताले प्रतिरोध गर्ने : सोनल



**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री एवं जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता जितेन्द्र सोनलले संघीय व्यवस्थामाथि छेडखानी गरिए मधेसी जनता प्रतिरोधमा उत्रिने चेतावनी दिएका छन् ।

सोमबार एक विज्ञप्ति जारी गर्दै सोनलले राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशनबाट प्रदेशसभा खारेज गर्ने प्रस्ताव अघि सारिएकोप्रति आपत्ति जनाएका हुन् ।

उनले संघीयता,समानुपातिक समावेशिता,पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिका लगागयतका विषयमा कुनै पनि प्रकारको सम्झौता स्वीकार्य नहुने स्पष्ट पार्दै ती उपलब्धि कुनै पनि बहानामा खारेज गर्ने प्रयास भए मधेसी जनताले त्यसको कडा प्रतिवाद र प्रतिरोध गर्ने उनले चेतावनी दिएका छन् ।

सोनलले नेपालको संविधान २०७२ मा केही त्रुटि रहेको स्वीकार गर्दै आवश्यक संशोधन र परिमार्जन गर्न सकिने बताए । तर,संविधानले अंगीकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामाथि कुनै पनि प्रकारको छेडखानी गरिए त्यो मधेसी जनतालाई स्वीकार्य नहुने उनको भनाइ छ ।

यसैगरी उनले संघ सरकारले प्रदेश प्रहरी ऐन तत्काल कार्यान्वयन गरी प्रदेश सरकारलाई अझ अधिकारसम्पन्न र बलियो बनाउनुपर्नेमा पनि जोड दिएका छन् ।

# अवैध सामाग्रीसहित एक पक्राउ

**टुडे समाचारदाता**

रुपन्देही । भन्सार छली गरेर ल्याएका ३५ थान आईफोन र एक मोटरसाइकलसहित प्रहरीले रुपन्देहीमा एक जना युवक पक्राउ परेका छन् ।

रुपन्देही, कोटहीमाई गाउँपालिका-५ बेनीनगरबाट सोही गाउँपालिका वडा नम्बर २ का ३६ वर्षीय पवनकुमार मुरावलाई पक्राउ गरेको नेपाल प्रहरीले जानकारी दिएका छन् ।

उनले ३५ थान आईफोन भन्सार छलेर भारतबाट नेपाल ल्याउँदै गरेको प्रहरीले बताएका छन्। जसको मूल्य २० लाख ५० हजार रुपैयाँ बराबर रहेको भनिएको छ ।

मुरावले चलाएको यूपी ५३ डीएक्स ८८३८ नम्बरको भारतीय मोटरसाइकल जाँच गर्ने क्रममा ती आइफोनहरू फेला परेको प्रहरीले जानकारी दिएका छन् ।

# मुख्यमन्त्रीले रौतहटमा रोपे धान



**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिका-६ फतेपुरमा आइतबार धान रोपेर राष्ट्रिय धान दिवस तथा दही-चिउरा खाने दिवस मनाइएको छ । "किसानको सम्मान, समृद्ध नेपालको आधार" भन्ने नारासहित नेपाली कांग्रेस रौतहट जिल्ला कार्यसमितिले कार्यक्रम आयोजना गरेको हो ।

खेतमै पुगेर धान रोप्दै कृषि पेशा र किसानप्रतिको सम्मान व्यक्त गरिएको कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री प्रदीप पौडेल प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, पूर्व अर्थमन्त्री जितेन्द्र यादव, कांग्रेसका नेता-कार्यकर्ता, स्थानीय किसान तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ ।

सो अवसरमा वक्ताहरूले नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि भएकाले किसानको संरक्षण, उत्पादन वृद्धि, आधुनिक कृषि प्रविधिको विस्तार तथा कृषि क्षेत्रमा राज्यको लगानी बढाउन आवश्यक रहेको बताएका थिए। उनीहरूले कृषि क्षेत्रको विकासबिनाको समृद्धि सम्भव नभएको धारणा पनि राखे।

असार १५ नेपालमा धान रोपाइँको मुख्य समयसँगै कृषि संस्कृतिको महत्वपूर्ण पर्वका रूपमा परिचित छ। यही दिनलाई राष्ट्रिय धान दिवस तथा दही-चिउरा खाने दिवसका रूपमा देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै आएको छ।

नेपालमा राष्ट्रिय धान दिवस वि.सं. २०६१ सालदेखि औपचारिक रूपमा मनाउन थालिएको हो। त्यसयता सरकारले हरेक वर्ष कृषकलाई सम्मान गर्ने, आधुनिक कृषि प्रविधि अपनाउन प्रोत्साहित गर्ने तथा धान उत्पादन वृद्धि गर्ने उद्देश्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

धान नेपालको प्रमुख खाद्यान्न बाली तथा खाद्य सुरक्षाको आधार भएकाले यसको उत्पादन बढाउन समयमै रोपाइँ, गुणस्तरीय बीउ, पर्याप्त सिँचाइ र आधुनिक प्रविधिको प्रयोग आवश्यक रहेको कृषि विज्ञहरूको भनाइ छ । उनीहरूका अनुसार यस्ता दिवसले कृषिप्रति युवाको आकर्षण बढाउनुका साथै किसानलाई थप हौसला प्रदान गर्ने अपेक्षा गरिएको छ।

# मेयर सिंहको मुद्दा हेर्न मिल्ने सूचीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहको मुद्दा हेर्न नमिल्ने सूचीमा परेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धान तथा सम्भावित एक्सनलाई रोक्न माग गर्दै सिंहले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमाथि अदालतमा पेसी तोकिए पनि उक्त मुद्दा 'हेर्न नमिल्ने' सूचीमा परेको छ ।

मेयर सिंहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाडौँलाई समेत विपक्षी बनाई रिट दर्ता गराउनुभएको थियो । यही असार ८ गते दर्ता उक्त मुद्दालाई सर्वोच्चले आजको पेसी सूचीमा राखे पनि प्राविधिक वा कानुनी कारणवश 'हेर्न नमिल्ने' भनी स्थगित गरेको छ ।

लिखतसम्बन्धी कसुर (किर्ते) तथा झूटा विवरणका आधारमा नागरिकता बनाउन सहयोग गरेको आरोपमा पक्राउ परेका वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंह अदालतले तोकेको धरौटी बुझाएर जेठ १९ गते रिहा भएका थिए । सिंह पर्साको ठोरीस्थित जंगल रिसोर्टबाट पक्राउ परेका थिए । जिल्ला अदालतमा उपस्थित गराइएकामा बयान र थुनछेक बहसपछि सिंहलाई धरौटीमा छाड्ने आदेश जारी गरिएको थियो । जिल्ला न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले लिखत किर्ते मुद्दामा ४ लाख रुपैयाँ र झूटा विवरण दिई नागरिकता लिएको मुद्दामा १५ हजार गरी कुल ४ लाख १५ हजार रुपैयाँ धरौटी माग गर्ने आदेश गरेको थियो ।

थुनछेक बहसमा सिंहका तर्फबाट अधिवक्ताद्वय कमलमोहन पोखरेल र शिव कोइरालाले बहस गरेका थिए । मेयर सिंह रिहा हुनुअघि प्रहरीले नारायणी अस्पतालका चिकित्सकलाई अदालतमै बोलाएर सिंहको स्वास्थ्य परीक्षणसमेत गराएको थियो । अदालतले जारी गरेको पक्राउ पुर्जीका आधारमा मेयर सिंह समातिएका थिए ।

पक्राउ पुर्जी जारी भएको भोलिपल्ट १३ जेठमा उनी जिल्ला अदालतको मूल भवनअघिल्तिर उभिएर खिचिएको तस्बिर सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो । तर त्यो दिन उनी अदालतमा उपस्थित भएनन् । त्यसपछि उनी भारतको बिहारस्थित सिवान भन्ने सहरमा आयोजित धार्मिक अनुष्ठानमा सरिक भएको तस्बिर सामाजिक सञ्जालबाटै सार्वजनिक भएको थियो ।



सिंहका स्वकीय सचिव सत्यराज घिमिरेलाई प्रहरीले सोमबार बिहान १० बजे जिल्ला अदालत परिसरबाटै सोधपुछका लागि भन्दै नियन्त्रणमा लिएर साँझ छाडेको थियो । मेयर सिंहमाथि नक्कली कागजातका आधारमा अर्काकी छोरीलाई आफ्नै छोरी देखाई नागरिकता, जन्मदर्ता तथा अन्य सरकारी कागजात बनाउन सहयोग गरेको आरोप छ । यही आरोपसँग सम्बन्धित मुद्दा हाल अदालतमा विचाराधीन छ ।

यो प्रकरण २०७५ सालमा जारी नागरिकतासँग जोडिएको छ । वीरगन्ज-३ निवासी भनिएकी रुबिना श्रेष्ठको नागरिकतामा राजेशमान सिंहलाई बाबु उल्लेख गरिएको छ । उजुरीकर्ताहरूले भने रुबिना मेयर सिंहकी 'जैविक छोरी' नभएको दाबी गर्दै नागरिकता बनाउन प्रयोग गरिएका कागजात किर्ते भएको आरोप लगाएका छन् ।

वीरगञ्जका लियाकत अलीले यस विषयमा विभिन्न निकायमा सिंहविरुद्ध उजुरी दिएका थिए । त्यसपछि गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय तथा प्रहरीमार्फत छानबिन प्रक्रिया अघि बढेको थियो । छानबिनका क्रममा नागरिकता बनाउन प्रयोग गरिएका विवरण, सिफारिस तथा सम्बन्धित कागजातमाथि प्रश्न उठेपछि मुद्दा अदालतसम्म पुगेको हो ।

नागरिकता विवाद सार्वजनिक भएपछि सिंहले छानबिनका क्रममा रुबिना आफ्नी दोस्रो पत्नीबाट जन्मिएकी छोरी भएको दाबी गरेका थिए । त्यसपछि दोस्रो पत्नीका रूपमा उल्लेख गरिएकी महिलाले अदालतमा सम्बन्धविच्छेदको मुद्दा दायर गरेपछि यो प्रकरणले थप चर्चा पाएको थियो । सिंहको उक्त दाबी र त्यससँग सम्बन्धित कागजातको विश्वसनीयताबारे पनि अनुसन्धान गरिएको थियो । मंगलबार धरौटी बुझाएर रिहा भएसँगै सिंहले अब तारेखमा रहेर मुद्दाको सामना गर्नेछन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८